# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ३२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "महेन्द्र संस्कृत विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा ४ मा संशोधन : महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछः-

"४. विश्वविद्यालय सभाको गठन : (१) देहायका सदस्यहरू भएको एउटा विश्वविद्यालय सभा हुनेछः-

(क) कुलपति - अध्यक्ष

(ख) सह-कुलपति - उपाध्यक्ष

(ग) उप-कुलपति - सदस्य

(घ) बडागुरूज्यू - सदस्य

(ङ) सांसदहरू मध्येबाट तीनजना - सदस्य

(च) राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा सम्बन्धी हेर्ने) - सदस्य

(छ) उप-कुलपति,त्रिभुवन विश्वविद्यालय- सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) उप-कुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान- सदस्य

(झ) उप-कुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान - सदस्य

(ञ) शिक्षाध्यक्ष - सदस्य-सचिव

(ट) विश्वविद्यालयहरूका भू.पू.उपकुलपति मध्येबाट एकजना- सदस्य

(ठ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय - सदस्य

(ड) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ढ) अध्यक्ष, गुठी संस्थान- सदस्य

(ण) कुल-सचिव - सदस्य

(त) कार्यकारी निर्देशक, महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धानकेन्द्र- सदस्य

(थ) प्राचार्यहरू मध्येबाट एकजना- सदस्य

(द) महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत विद्यापीठ प्राध्यापक संघ



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इकाईका सभापति
र सचिवको
निर्वाचक मण्डलद्वारा
समानुपातिक
एकल संक्रमणीय
मतका आधारमा
निर्वाचित शिक्षकहरु
तीन जना- सदस्य

स्पष्टीकरणः यस खण्ड अनुसार निर्वाचनमा उम्मेदवार हुन चाहने शिक्षक कम्तिमा विश्वविद्यालयको स्थायी सेवामा पन्ध्रवर्ष कार्यरत भएको हुनु पर्दछ। यो स्पष्टीकरणको प्रयोजनको लागि विश्वविद्यालयको स्थायी सेवा भन्नाले नेपालका अन्य विश्वविद्यालयमा गरेको स्थायी सेवालाई समेत जनाउँछ।

(ध) शिक्षाविद्हरु मध्येबाट
एकजना- सदस्य

(न) संस्कृतका प्रतिष्ठित
विद्वान्हरु मध्येबाट
एकजना- सदस्य

(प) नेपाल प्राध्यापक
संघको प्रतिनिधि
एकजना- सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६६
मुद्रण विभाग

(फ) महेन्द्र संस्कृत विश्वविद्यालयका कर्मचारीसंघको प्रतिनिधि एकजना - सदस्य

(ब) चन्दादाताहरू मध्येबाट एकजना - सदस्य

(भ) प्रतिष्ठित समाजसेवी एकजना- सदस्य

(म) महेन्द्र संस्कृत विश्वविद्यालयका स्वतन्त्र विद्यार्थी युनियनका सभापतिहरू मध्येबाट एकजना- सदस्य

(२) निर्वाचित र पदेन सदस्यहरू बाहेक सभाका अन्य सदस्यहरूको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ।

(३) विद्यार्थी प्रतिनिधिको पदावधि एक वर्षको हुनेछ र पदेन सदस्य बाहेक अन्य सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को खण्ड (ज) झिकिएकोछ।

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उप-दफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-



२६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) शिक्षकहरू मध्येबाट
एकजना - सदस्य"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएकोछ :-

"(झ) शैक्षिक तथा प्रशासनिक कामको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी तोक्ने।"

६. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. प्राज्ञिक परिषद्को गठन : (१) विश्वविद्यालयका शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा प्रमुख निकायको रूपमा देहायका सदस्यहरू भएको एउटा प्राज्ञिक परिषद् हुनेछः-

(क) उप-कुलपति- अध्यक्ष

(ख) शिक्षाध्यक्ष- सदस्य-सचिव

(ग) कुल-सचिव- सदस्य

(घ) कार्यकारी-निर्देशक, अनुसन्धानकेन्द्र - सदस्य

(ङ) विषय-समितिका अध्यक्षहरू पाँचजना- सदस्य

(च) विभागीय प्रमुख मध्येबाट पाँचजना- सदस्य

(छ) प्राचार्यहरू मध्येबाट दुईजना- सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) वरिष्ठ शिक्षकहरू
मध्येबाट दुईजना- सदस्य

(२) पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरूको मनोनयन सभाबाट हुनेछ।

(३) पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।"

७. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुलपति, सह-कुलपति, केन्द्रीय कार्यालय, आङ्गिक विद्यापीठ र सम्बन्धन प्राप्त विद्यापीठहरूको सामूहिक रूपनै विश्वविद्यालयको स्वरूप हुनेछ।"

८. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) विश्वविद्यालयको शिक्षाध्यक्षको नियुक्ति उप-कुलपतिको सिफारिशमा कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुनेछ।"

९. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) विश्वविद्यालयको कुल-सचिवको नियुक्ति उप-कुलपतिको सिफारिशमा कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुनेछ।"

१०. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएकोछ:-

"२२. लेखापरीक्षण : विश्वविद्यालयको लेखापरीक्षण महालेखा परीक्षकको विभागले गर्नेछ।"

लालमोहर सदर मिति २०४९।७।२१।६

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।